## कार्यापालिका बैठक संख्या ३७ (मिति २०७६/०७/०७) का निर्णहरु :

**निर्णय नं. १ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७६ कार्तिक १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री धनकुमार लामा तामाङ्ग |
| २. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ३. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ४. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ५. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ६. | कार्यालय सहायक | श्री लिला रावल |
| ७. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ८. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| ९. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| १०. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |
| ११. | कार्यालय सहायक | श्री गिता राई |
| १२. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १३. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १४. | कार्यालय सहयोगी | श्री बाल गोविन्द महतो (अस्थायी) |
| १५. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १६. | कार्यालय सहयोगी | श्री लक्ष्मी अर्याल(अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| १८. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| १९. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| २०. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| २१. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| २२. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| २३. | कार्यालय सहयोगी | श्री सुकमाया तमाङ्ग |
| २४. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २५. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २६. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| २७. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| २८. | सुरक्षा गार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| २९. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३०. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

**स्वास्थ्य तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ३१. | अहेब | श्री शर्मिला चौधरी |
| ३२. | अनमी | श्री लक्ष्मी शर्मा |
| ३३. | अनमी | श्री निर्मला महतो |

| | | |
|---|---|---|
| ३४. | अनमी | श्री चन्द्रा कार्कि |
| ३५. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ३६. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| ३७. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ३८. | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ३९. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |

**दमकल तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ४०. | दमकल चालक | श्री नमराज रिजाल |
| ४१. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ४२. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ४३. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. २ :**

यस आ.व.२०७६/०७७ को आर्थिक विधेयकमा निम्नानुसारका कवाडी मालसामान संकलन, उद्योग व्यावसाय दर्ता ताथ उद्योग व्यावसायको वार्षिक कर उल्लेख नभएकोले पछि कार्यपालिकाबाट अनुमोदन गराउने गरी वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णयानुसार लागू गरिएको कवाडी संकलन दररेट तथा नगर प्रमुखबाट निर्णय भई कार्यान्वयन भएका राजस्व दररेटहरुलाई पाँचौ नगरसभाले गरेको निर्णय नं. ८ का अनुसार नगरसभा अधिवेशन नबसेको अवस्थामा नगरसभाले गर्ने कार्यहरु कार्यपालिकालाई अधिकार प्रत्योजन गरेको आधारमा अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिका क्षेत्रभित्र यस आ.व.२०७६/०७७ मा कवाडी मालसामान संकलन गर्ने संलग्न लिष्ट अनुसारका करका दररेटहरु,

नगरपालिका क्षेत्रमा संकलन हुने कवाडी सामानको संकलन करको दर

| क्र.सं. | सामानको नाम | ईकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पुरानो उन , उनको टुक्रा | प्रति केजी | -।५० | |
| २ | वियर, कोक, पेप्सीका बोतल | प्रति गोटा | १।- | |
| ३ | अन्य बोतल, सिसा | | | |
| | (क) क्वाटर | प्रति गोटा | -।२० | |
| | (ख) हाफ | प्रति गोटा | -।५० | |
| | (ग) फुल | प्रति गोटा | १।- | |
| | (घ) फुटेको सिसा | प्रति केजी | -।५० | |
| ४ | पुरानो फलाम तथा स्टील, स्क्र्याप | | | |
| | (क) पुरानो फलाम | प्रति केजी | २।- | |
| | (ख) स्टील, स्क्र्याप | प्रति केजी | ३।- | |
| ५ | पुरानो कागज | प्रति केजी | १।- | |
| ६ | पुरानो टायर, ट्यूब | प्रति केजी | १।- | |
| ७ | थोत्रो टिन, जस्ता, टिनको बट्टा | प्रति केजी | १।- | |
| ८ | पुरानो ड्रम | प्रति लिटर | -।१५ | |
| ९ | (क) जुट र प्लाष्टिकको बोरा ५० केजी सम्म | प्रति गोटा | -।२५ | |
| | (ख जुट र प्लाष्टिकको बोरा १०० केजी सम्म | प्रति गोटा | -।५० | |

| | | | | |
|---|---|---|---|---|
| १० | प्लाष्टिक जन्य वस्तु, पुराना भाँडा, जुत्ता चप्पल | प्रति केजी | १।- | |
| ११ | छाला, हाड, सिंह, प्वाँख | प्रति केजी | १।- | |
| १२ | जलेको मोविल | प्रति लिटर | १।- | |
| १३ | पुरानो पित्तल | प्रति केजी | ६।- | |
| १४ | तामा | प्रति केज | ७।- | |
| १५ | ढलोट | प्रति केज | ६।- | |
| १६ | काम नलाग्ने मेशिनरी औजार | प्रति केजी | १।५० | |
| १७ | पोलिथिन पाईपको पुरानो टुक्रा | प्रति केजी | १।- | |
| १८ | पुरानो ब्याट्री | प्रति केजी | २।- | |
| १९ | गार्मेन्ट कपडाको टुक्रा | प्रति केजी | -।५० | |
| २० | फलाम उद्योगबाट निष्केको फलामको धुलो | प्रति केजी | १।- | |
| २१ | कार्पेटका टुक्रा | प्रति केजी | १।- | |
| २२ | अन्य कवाडी सामान | प्रति केजी | -।५० | |
| २३ | कार्टुन | प्रति केजी | १।- | |
| २४ | आल्मुनियम स्कयाप | प्रति केजी | ३।- | |

(ख) दैनिक रुपमा फिल्म प्रदर्शन गर्ने चलचित्र घरको दर्ता शुल्क रु. २५,०००।-
(ग) माटो बाहेकका अन्य वस्तुहरुको समिश्रणबाट ब्रिक उत्पादन गर्ने उद्योगको दर्ता शुल्क रु. २५,०००।- र वार्षिक व्यावसाय कर रु. १५,०००।-

**निर्णय नं. ३ :**

नगर कार्यपालिकाको बैठकबाट पछि अनुमोदन गराउने गरी नगर प्रमुखको निर्णयानुसार विभिन्न मितिमा भएका निम्नानुसारका योजनाहरुको म्याद थप तथा रकम भुक्तानीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(क) वडा नं. १० को मुसहर वस्ती निर्माण उपभोक्ता समितिको म्यादथप तथा भुक्तानी रु. १३,१८,५८४।-
(ख) कंकाली सामुदायीक वनमा भ्यू टावर निर्माण उपभोक्ता समितिको म्यादथप तथा भुक्तानी भएको रकम रु.१९,८५,११५।-
(ग) वडा नं. ६ नगरपालिका अगाडी रहेका सुकुम्वासी परिवारहरुलाई वडा नं. १ बहेरीमा सार्दा सामान ढुवानी गरेको रकम रु.१४,०००।- (विपत व्यवस्थापन कोषबाट भुक्तानी)
(घ) भत्केको पुल देखी वडा नं. ५ को फोहर फाल्ने स्थानसम्म माटो ढुवानी गरेको रकम जनादेश निर्माण सेवालाई भुक्तानी भएको रकम रु.५६,१३८।- (विपत व्यवस्थापन कोषबाट भुक्तानी)
(ङ) वडा नं.१ को तरकारी चोकमा रहेका सुकुम्वासी परिवारहरुलाई वडा नं. १ बहेरीमा सार्दा सामान ढुवानी गरेको रकम रु.४२,०००।- (विपत व्यवस्थापन कोषबाट भुक्तानी)
(च) लदरा खोला तटबन्धन गर्ने ठाउँमा बाटो ग्राभेल गर्दा ढुवानी रकम भुक्तानी रु.१३,७७०।- (मर्मत संभार कोषबाट भुक्तानी)
(छ) शिवराज उप्रेतीलाई कुलो लाईनीङ्ग गरेको जेसिभी भाडा भुक्तानी रकम रु.१४,३६४।- ( मर्मत संभार कोषबाट भुक्तानी)
(ज) जनकल्याण कुलो 'क' उपभोक्ता समितिलाई भुक्तानी रकम रु.५०,०००।- ( मर्मत संभार कोषबाट भुक्तानी)

**निर्णय नं. ४ :**

नगर शिक्षा नियमावली २०७५ का विभिन्न नियम तथा अनुसूचीहरुमा संशोधनको लागि विधेयक समितिले पारीत गरी पेश गरेको संशोधन प्रस्तावलाई पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिकाका विभिन्न वडामा सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरुमा तपसिल बमोजिमको रकम बिनियोजन गर्ने गरी नगर प्रमुखबाट निर्णय भएका योजनाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

(क) सुन्दर बस्ती खानेपानी उपभोक्ता समिति वडा नं. २ लाई रु.१,५०,०००।-

(ख) पटिहानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वडा न २ लाई रु. ५०,०००।-

(ग) वडा नं. ५ को भवनमा बनेको माटो परीक्षण ल्याव निर्माण कार्यलाई रु. १,६१,०००।-

(घ) कंकाली मा.वि.वडा नं. १ को भऱ्याङ्गको ट्रष्ट निर्माणको लागि रु.१,५०,०००।-

**निर्णय नं. ६ :**

'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम तपसिल बमोजिमका निर्माण व्यवसायीलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

(क) सेफ स्टिल्स प्रा.ली खैरहनी नगरपालिका वडा नं. १, चिवतन

(ख) साहीसा निर्माण सेवा प्रा.ली. खैरहनी नगरपालिका वडा नं. १२, चिवतन

**निर्णय नं. ७ :**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्न स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने व्यवस्था रहेकोमा कार्यपालिकाको बैठक नियमीत बस्न नसक्ने र लामो समयसम्म निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न रोक्नु पर्ने अवस्था आएकोले सोही ऐनको दफा २ को उपदफा (४) को अधिकार प्रयोग गर्न तपसिल बमोजिम सदस्य रहेको एक समिति गठन गर्ने र सोही समितिले निर्णय गरी इजाजत प्रदान गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय | अधिकृत सदस्य |
| (ग) | सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| (घ) | योजना शाखा प्रमुख (ईन्जिनियर) | सदस्य सचिव |

**निर्णय नं. ८:**

यसै नगरपालिकाको वडा नं. ५ को गौचरनमा खेलकुद रंगशाला निर्माण गर्ने गरी संस्थालाई DPR तयार गर्न लगाईएकोमा सम्बन्धित संस्थाले DPR तयार गरी यस नगरपालिकामा सरोकारवालाहरुको भेलामा प्रस्तुतीकरण समेत गरी फाईनल प्रतिवेदन पेश गरेकोले सो DPR को प्रतिवेदनलाई पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

यसै नगरपालिकाको भवन निर्माण संहिता तथा योजना मापदण्ड तयार गर्न पौडेल कन्सलटेन्सी पोखरा महानगरपालिका वडा नं. १७ लाई लगाईएकोमा सम्बन्धित संस्थाले भवन निर्माण संहिता तथा योजना मापदण्ड तयार गरी यस नगरपालिकामा सरोकारवालाहरुको भेलामा प्रस्तुतीकरण समेत गरी सोही भेलाले केही परिमार्जन गर्न लगाएको र सो परिमार्जन समेत समावेश गरी सम्बन्धित संस्थाले फाईनल प्रतिवेदन पेश गरेकोले सो भवन निर्माण संहिता तथा योजना मापदण्ड २०७६ को प्रतिवेदनलाई पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस नगरपालिकाको वडा नं. ५ मा रहेको गौचरनमा नगरपालिकाले खेलकुद रंगशाला निर्माण गर्न भनी DPR तयार गरी सकिएको छ । त्यसमा आवश्यक पूर्वाधार निर्माण गर्न नगरपालिकाको एक्लो प्रयासले मात्र असम्भव हुने भएकोले प्रदेश सरकार तथा संघिय सरकारको सहयोग जुटाउनु पर्ने अवस्था रहेको छ । संघिय सरकारले जारी गरेको स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले खेलकुद पूर्वाधारको निमित्त स्थान छनौट गरी सोको गुरुयोजनाको ड्रईङ डिजाईन सहितको ईष्टिमेट जिल्ला खेलकुद विकास समितिको कार्यालय मार्फत पठाउने व्यवस्था रहेकोले सो अनुसार वडा नं. ५ को गौचरनमा खेलकुद पूर्वाधार निर्माणको लागि युवा तथा खेलकुद मन्त्रालयमा प्रस्ताव पठाउने व्यवस्था मिलाउने र उक्त कार्यविधिको प्रावधान बमोजिम नगरपालिकाले ३० प्रतिशतले हुने रकम लगानी गर्ने प्रतिवद्धता सहीत प्रस्ताव पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।